नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

## <u>प्रेस विज्ञप्ति</u>

मलेशिया, ताञ्जानिया र भारतका केही राज्यहरुमा अर्थतन्त्रलाई रुपान्तरण गरी आर्थिक वृद्धि हासिल गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन अलवम्बन गरिएको विशेष मोडल अनुरुपको कार्यक्रम ओमानमा पनि कार्यान्वयन गर्ने क्रममा ओमानको राजधानी मस्कटमा २०१६ नोभेम्बर २८ मा आयोजना गरिएको उद्घाटन तथा प्रदर्शनी कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले अतिथिको रुपमा भाग लिनु भयो ।

मलेशिया सरकारको प्रधानमन्त्री कार्यालय अन्तर्गतको Performance Management and Delivery Unit (PEMANDU) र BFR Institute को सहयोगमा तेल उद्योगमा आधारित ओमानको अर्थतन्त्रलाई विविधिकरण गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यले ओमानका मन्त्रीहरुसहित सरकारी र निजी क्षेत्रका २५० भन्दा बढी सहभागी रहेको समूहले ६ हप्ताको अवधिमा कुल ५१ हजार घण्टा प्रयोगशालामा बसेर तयार गरेको Tanfeedh कार्यक्रमले औद्योगिक उत्पादन, पर्यटन, पूर्वाधार, सीप तथा श्रम र वित्तीय क्षेत्रअन्तर्गत १२१ वटा कार्यक्रमहरु तय गरी कार्यान्वयनको लागि अघि सारेको छ ।



*माननीय उपाध्यक्ष डा.श्रेष्ठ ओमानका माननीय मन्त्री श्री तलालसंग भेटवार्ता गर्नुहुँदै ।*

माननीय उपाध्यक्ष डा. श्रेष्ठले Tanfeedh कार्यक्रमका प्रमुख संयोजक, ओमानको उच्च योजना परिषदका उपाध्यक्ष माननीय मन्त्री तलाल तथा उक्त कार्यक्रम कार्यान्वयनको नेतृत्व गर्नु भएका माननीय मन्त्री खामिशसंग भेटघाट र छलफल गर्नु भएको थियो । दुवै माननीय मन्त्रीहरुसँगको भेटघाटका अवसरमा माननीय उपाध्यक्ष डा. श्रेष्ठले ओमानले Tanfeedh अन्तर्गत कार्यान्वयन गर्न लागिएका योजना तथा कार्यक्रम नेपालमा अवलम्बन गर्न सकिने सम्भावना, नेपाल र ओमानको सहकार्य र योजना तथा विकास सम्वन्धी कार्यमा गर्न सकिने अनुभवको आदान-प्रदान लगायत नेपाल ओमानबीचको सम्भावित सहयोग सम्वन्धमा छलफल गर्नु भएको थियो ।



*माननीय उपाध्यक्ष डा.श्रेष्ठ ओमानका माननीय मन्त्री श्री खामिशसंग भेटवार्ता गर्नुहुंदै ।*

माननीय उपाध्यक्ष डा. श्रेष्ठको टोलीमा राष्ट्रिय योजना आयोगको सचिवालयका सह-सचिव श्री लाल शंकर घिमिरे र ओमानका लागि नेपालकी कार्यवाहक राजदूत श्री रोजिना ताम्राकार पनि सम्मिलित हुनुहुन्थ्यो ।

२०७३/८/१५